# भानुभक्त जयन्ती समारोह

निलो आकास, मन्द बतास, पारिलो घाम, लता लहराइहरूको स्वार स्वार आवाज, तलाउका लहरहरू चराइहरूको चिरबिरका साथ रमाइलो र घमाईलो वातावरणमा करिब १५० जना एड्मन्टनवासी नेपालीहरूको उपस्थित रहेको ज्याकी पार्कर पार्कमा ई.सं. २०१२, जुलाई १४ शनिवारका दिन नेपाली साहित्य समिति (समाज), नेकासे, एड्मन्टनले क्यानडाको यस भूमीमा आयोजना गरेको १९९ औं भानुभक्त जयन्ती सफलताका साथ उपस्थित प्रत्येक नेपालीको हृदयमा आदी कवि भानुभक्त आचार्य प्रति आदरभाव र एक अविष्मरणिय अमित छाप छोडी संपन्न भयो।

कार्यक्रमको शुरुवात् नेपाली समाजका वरिष्ठ नागरिक आदरणिय पं तीर्थराम ज्ञ्वालीज्युको बाहुल्यबाट भानुभक्तको फोटोमा फूलमाला र अबिरले सुशोभित गरी संचालन गरिएको थियो। उक्त अवसरमा ८२ वर्ष पुग्नु भएका पं. तीर्थरामज्यूले "भानु तिमी युग कवि अर्को युगमा पनि बाँच्ने छौ" भन्ने कुरा अभिव्यक्त गर्दै "देशको माया" शिर्षकको आफ्नो कविता पाठ गर्नु भएको थियो।

सो अवसरमा भानुभक्त आचार्यको जीवनी र नेपाली साहित्यमा योगदान बारे जनक आचार्य, नारायण पोखरेल, कुशमाकर शर्मा, र कुसुम श्रवालीले श्रोताहरू समक्ष आफ्नो धारणा व्यक्त गर्नुका साथै किन भानुभक्त आदी कवि याने नेपाली भाषाको पहिलो कवि भए भन्ने कुरा प्रकाश पार्नु भएको थियो।

एड्मन्टनमा भानुभक्तका आफन्त कोही छन् की भन्ने क्रममा आचार्यकी चेली ललिता शर्माले उहाँ भानुभक्त आचार्यको वंश र उहाँको बज्यै अझै पनि चुंदी रम्घामा हुनु हुन्छ र

सो ठाउँमा भानुभक्त रामायण र साक्षारता बारे चासलाग्दा कुराहरु अभिव्यक्त गर्नु भएको थियो।

भानु जयन्तीको अवसरमा आयोजित साहित्य रचना वाचन कार्यक्रमा ८ जना कवि कवियत्रीहरु (पं. तीर्थराम भा, पं यादव राम भा, एम पि सागर, दिपक ओझा, नारायण पोखरेल, शोभा भट्ट खनाल, ज्ञान विर थापा, कुसुम अर्याल र ध्रुव श्रेष्ठ) ले आफ्ना कविताहरु वाचन गर्नु भएको थियो। कविताहरु सुन्दा, उहाँहरुको प्रस्तुती, वाचन तरिका र लेखन शैलीलाई हेर्दा "को भन्दा को कम" भन्ने अभिव्यक्ति यथार्थ भए जैं लाग्थ्यो र एडमण्टन साहित्य समिति यसको गरिमालाई मनन गरी गौरवान्वित नभै रहन सक्दैन। अझ यस्मा पनि कुसुम अर्यालज्यूले कार्यक्रमको अन्त्य तिर भानुभक्त रामायण बालकाण्डको केही अंश पाठ गर्दा हामी सबै चुँदी रम्घामा नै छौं की भने जैं अनुभूती हुन्थ्यो।

कार्यक्रमको अन्त्यमा नेपाली साहित्य समिति सुचारु रुपले संचालन गर्न चार सदस्यहरु (दिपक राज ओझा, कुशमाकर शर्मा, कुसुम अर्याल र मोहनाथ खनाल) को चयन गरी संचालन गरिने भावी कार्यक्रम बारे प्रकाश पारिएको थियो। जस मध्ये साहित्य गोष्ठी (भानु जयन्ती, लक्ष्मी जयन्ती, सरस्वती पुजा) संचालन, पुस्तकालय स्थापना र सो को लागि नेपाली पुस्तकहरु संकलन र नेपाल गएर आउनेहरुले कम्तिमा २ वटा पुस्तक लिएर आउने कुरामा छलफल र सहमती भएको थियो।

समग्रमा भन्नु पर्दा एडमण्टनमा पहिलो पल्ट आयोजित यो भानु जयन्ती कार्यक्रम एकदमै सफल र उदाहरण भएको हामी सबैले अनुभव गरेका छौं। यसको लागि म सबै सहभागी कवि कवियत्री, सहयोगी साथीभाई जसले कार्यक्रम

संचालन गर्न मद्दत गरेर र सो अवसरमा उपस्थित सम्पूर्ण एड्मण्टन् वासी नेपाली जनसमुदाय लाई हार्दिक एवं मुरी मुरी धन्यवाद दिन चाहन्छु। साथै आउँदा कार्यक्रमहरूमा तपाईंहरूको सहभागिता र सहयोगको दरिलो अपेक्षा राख्दछु।

दिपक नाथ ओझा
संयोजक
नेपाली साहित्य समिति, नेकासे
एड्मण्टन, क्यानडा
जुलाई १५, २०१२.